# The Baptist Tabernacle of Los Angeles

Mailing Address:
P. O. Box 15308
Los Angeles, CA 90015
Phone: (213) 744-9999
E-mail: rlhymersjr@sbcglobal.net
www.sermonsfortheworld.com
www.baptisttabernacle.com




Jack Ngann
Pastor

Dr. R. L. Hymers, Jr.
Pastor Emeritus

दिसम्बर, २०२१

प्रिय मित्रः

हामीले भोग्ने कठिनाइहरू कति ठुला हुन्छन्, अनि परमेश्वरको भलाइ झन् अझ कति ठुलो हुन्छ ? यस वर्षको जनवरीमा मेरी आत्मिक र प्रिय पत्नी इलियना कोरोना भाइरस संक्रमित भइन्। तिनी मर्छिन् होली भनी मैले सोचें। हाम्रो चर्चले तिनका निम्ति धेरैचोटि प्रार्थना गर्‍यो। अनि सारा संसारका पास्टरहरू र अन्य क्रिस्चियनहरूले तिनको निम्ति प्रार्थना गरे र तिनलाई सान्त्वना र ढाडसको सन्देश दिए। संसारको एक कुना पाकिस्तानबाट एक जना प्रचारकले हरेक बिहान तिनलाई प्रार्थना गर्थे। परमेश्वरले उत्तर दिनुभयो, मेरी पत्नी पूर्ण रूपमा निको भइन्। तिनको निम्त प्रार्थना गर्ने सबैलाई मेरो धन्यवाद छ।

मेरो जीवनको बाइबल पद सधैं फिलिप्पी ४ :१३ रहेको छ। म यो पद त्योभन्दा अघिको पदको साथमा दिन्छु। बाइबलले भन्छ,

> "कसरी होचिन र कसरी बढन म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्। प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु। जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:१२,१३)

इलियना बिमार हुँदा ख्रीष्टले मलाई र तिनलाई बलियो पार्नुभयो। अनि तिनी निको भएकीमा हामी रमाउँदा र परमेश्वरलाई धन्यवाद दिंदा ख्रीष्टले हामीलाई बलियो पार्नुहुन्छ। "मलाई शक्ति दिनुहुने ख्रीष्टमा म ***सबै*** कुरा गर्न सक्छु।"

२४ मार्चको दिन डाउनटाउन लस एन्जलसको हाम्रो पुरानो भवनको बिक्रीको रोक्का अन्त्यमा हट्यो। अहिले त्यो भवन कोरियन चर्चले कब्जा गरेको छ। त्यसबाट आएको पैसा ग्रेटर सन गब्रिएलमा हाम्रो नयाँ चर्च भवन मर्मत गर्न प्रयोग गरिंदैछ। ज्याक गान हाम्रो नयाँ चर्चको पास्टर हुनेछन्।"चिनियाँ ब्याप्टिस्ट टेबरनेकल अफ् ग्रेटर लस एन्जलस।"

***तपाईं हाम्रो वेबसाइट WWW.SERMONSFORTHEWORLD.COMमा हाम्रा सयौं सन्देशहरू र पाठहरू पढन सक्नुहुन्छ।***

११ अप्रिलमा हामी आरामदायक बेभर्ली हिल्टन होटेलमा मेरो ८०औं जम्न दिन मनाउन भेला भयौं, जुन भोलिपल्ट मनाइयो। सारा संसारका प्रचारकहरू र क्रिस्चियनहरूबाट शुभकामना सन्देशहरू आए। हाम्रो छोरा रोबर्ट लेस्सीले त्यो भोज र त्यस कार्यक्रमका अरू सबै खर्च उठाए। रोबर्ट एक बुद्धिमान् र सफल व्यापारी हुन्। डोमेनिकन रिपब्लिकमा बेथसेदा क्रिस्चियन चर्चका पास्टक रेभ. रूपर्टो मेडिना विमानद्वारा यहाँ आए र कार्यक्रममा सुरुको प्रार्थना गरे। कति सुन्दर समय हामीले पाएका थियौं।

३ मईमा ओडिया भाषामा सन्देशहरू हाम्रो वेभसाइट www.sermonsfortheworld.com मा राखिए। ओडिया भारतका धेरैवटा भाषामध्ये एउटा हो, जुन करिब ३ करोड मानिसहरूको मातृभाषा हो। म यी सन्देशहरूका निम्ति पैसा माग्दिनँ। मेरो एक मात्र इच्छा  सकेसम्म धेरै भाषामा संसारमा सुसमाचार पुऱ्याउनु हो। त्यसैकारण यी सन्देशहरूमा सर्वाधिकार सुरक्षित राखिएको छैन, र मानिसहरूले तीबाट प्रचार गर्न र तिनीहरूले चाहेअनुसार प्रयोग गर्ने सक्छन्। हरेक हप्ता हामी सारा संसारबाट इमेलहरू पाउँछौं, जसमा मेरा सन्देशहरूका निम्ति धन्यवाद दिइएको हुन्छ।

१४ मई एउटा ठुलो घटना भयो। हाम्रो नाति रोबर्ट लेस्ली हिमर्स चौथोको जन्म भयो! उ मेरो छोरा रोबर्ट लेस्ली र उसकी पत्नी जिनको छोरा हो। तिनीहरूका दुई छोरी हन्ना र सारा पनि छन्। भर्खर जन्मेको बालक हाम्रो पहिलो र एक मात्र नाति हो। म उसलाई "सानो बब" भनी बोलाउँछु। यो असल केटो छ, म प्रातना गर्छु परमेश्वरले उसलाई प्रचारक हुने बोलावट देऊन्!

ख्रीष्टले मलाई असल र खराब समयहरूमा, म अघाएको बेला र भोकाएको बेला, मसँग प्रशस्त हुँदा र मलाई अभाव हुँदा बलियो पार्नुभएको छ। जुनमा मलाई हृदयघात भयो। त्यस दिनदेखि म घरमा आराम गर्दैछु। मलाई स्याहारसुसार गर्ने व्यक्ति छ, जसले मलाई सहायता गर्छ, तर मेरो सबैभन्दा ठुलो सहायक मेरी पत्नी इलियना हुन्। चाहे जे भए पनि म सुसमाचारको सेवकाइ छोड्ने छैन। हरेक हप्ता म भिडियो सन्देश रेकर्ड गर्छु जुन हाम्रो चर्चमा देखाइन्छ, र हाम्रो वेभसाइटमा राखिन्छ। मेरो जीवनभरि ख्रीष्टले मलाई बलियो पार्नुहुन्छ!

मैले हाम्रो चर्चलाई धेरैचोटि मेरिलिन फ्र्याङको कथा भनेको छु। धेरै समय अघि उसन फ्रेन्सिस्कोदेखि उत्तरतिरको मेरिन गाउँकी जवान ठिटी थिई। मेरिलिनले येशूमा विश्वास गरी। उसले मादक औषधी खाँदा वा केटाहरूसँग व्यभिचार गर्दा उसकी आमालाई आराम हुन्थ्यो- तर ती आमा ख्रीष्टलाई पटक्कै चाहँदिन थिई। उसले मेरिलिनलाई घरबाट निकालिदिई।  मेरिलिन प्रभुप्रति विश्वासयोग्य रही। उसका पति जेरीको साथमा अहिले उ चेक रिपब्लिकमा मिसनरी छे। २६ अगस्त मा जेरी र मेरिलिन मलाई भेटन हाम्रो घरमा आए। तिनीहरूले आफ्नो सेवकाइ देखाए, जुन भिडियोमा रेकर्ड गरिएको थियो, त्यो चर्चलाई पनि देखाइयो। अहो, तिनीहरू कति आशिषमय! मानिसहरूलाई बचाउने र तिनीहरूलाई उहाँको सेवामा प्रयोग गर्ने परमेश्वरको अनुग्रह कति अचम्मको। प्रेरित यूहन्नाले भने, "मेरा छोराछोरीहरू सत्यको अनुसरण गर्छन् भन्ने कुरा सुन्न पाउनुभन्दा अरू बढी आनन्दको कुरा मेरो लागि के हुन सक्छ र?" (३ यूहन्ना ४)।

२९ अगस्तको दिन ज्याक गानलाई हाम्रो चर्चको नयाँ पास्टरको रूपमा प्रस्तुत गरियो। ज्याक अमेरिकामा जन्मेका चिनियाँ व्यक्ति हुन्। तिनी विवाहित हुन् र दुई सन्तानका पिता हन्। म अवकाशप्राप्त पास्टर हुँ, तिनलाई पास्टरको तालीम दिँदैछु, जसरी मेरा आफ्नै पास्टर तिमोथी लिनले मलाई तालीम दिएका थिए। भाइ गान असल क्रिस्चियन हुन् र तिनीबाट हामीलाई धेरै आशा छ। कृपया हाम्रो नयाँ चर्च र तिनको सेवकाइका निम्ति प्रार्थना गर्नुहोला।

*तपाईं हाम्रो वेबसाइट WWW.SERMONSFORTHEWORLD.COM मा*
*हाम्रा सयौं सन्देशहरू र पाठहरू पढन सक्नुहुन्छ।*

२२ सेप्टेम्बरमा सन गब्रिएलमा हाम्रो नयाँ चर्च भवनको मर्मती कार्य सुरु भयो। त्यो भवन अर्को वर्ष मात्र प्रयोगका निम्ति तयार हुनेछ। त्यो हजारौं चिनियाँ मानिसहरूको माझमा अवस्थित छ।

अक्टुबरमा इलियनाका पिता राफेल क्युलर ग्वाटेमालाबाट विमानद्वारा आए र केही हप्ता हामीसँग बसे। उनी सज्जन व्यक्ति हुन्, अति सजीव र सक्रिय छन्- उनी ९० वर्षका छन् र पनि त्यस्ता छन्। हामीले अक्टोबर २९ मा उहाँको ९१ औं जन्मदिन मनायौं जब हाम्रो घरमा एउटा चर्च थियो।

२१ नवम्बरमा हाम्रो घरमा सम्पूर्ण चर्चका निम्ति धन्यवाद भोज भयो। भोजन स्वादिष्ट थियो। हामी इलियना, ज्याक गान, र हाम्रा डिकन मेनुएल मेनसियालाई रात्रिको भोजन तयार पारेका निम्ति धन्यवाद दिन्छौं।

यो वर्ष गजब कै थियो। सारा महिमा परमेश्वरलाई होस् जसले हाम्रा प्रार्थनाहरूको उत्तर दिनुभयो अनि ख्रीष्टलाई जसले हाम्रा आत्माहरू बचाउनुभयो। मजर्ज बेभर्ली शेअले सन् १९९१ मा स्कटल्याण्डको ग्लासगोमा बिल्ली ग्राहम क्रुसेडमा गाएको गीतका शब्दहरू सम्झन्छु,

> धन्यवाद हे पिता, तपाईंका पुत्र दिनुभयो हामीलाई
> अनि तपाईंका आत्मा छोड्नुभयो,पृथ्वीमा काम नसकुन्जेल।
> (दियर इज अ रिडिमर, केथ ग्रीनद्वारा, १९५३-१९८२)

हामीले मुक्तिदाताको जन्म दिन मनाउँदा हामी कराएर भनौं,'प्रभु परमेश्वर धन्यवाद, अनि येशू ख्रीष्टको प्रशंसा हुन सकोस्!'



म अगिल्तिर माझमा छु, मेरी नातिनीहरू हन्ना बाँयातिर र सारा दायाँतिर छन्। पछिल्तिर,बायाँदेखि दायाँ-इलियनाका पिता राफेल क्युलर,इलियनाकी आमा लिन्डा, रोबर्ट लेस्लीकी पत्नी जिन, सानो बबलाई उसका पिता रोबर्टले बोकेका, मेरी पत्नी इलियना, हाम्रो छोरा वेस्ली इलियनाकी बहिनीवाइभिट क्युलर।

येशूको नाउँमा तपाईंको



रेभ.आर.एल. हिमर्स,जुनियर,
डी.मिन., डी.रेल.,टीएच.डी., लिट.डी.,
फिलिप्पी ४:१३

***तपाईं हाम्रो वेबसाइट WWW.SERMONSFORTHEWORLD.COMमा हाम्रा सयौं सन्देशहरू र पाठहरू पढन सक्नुहुन्छ।***